२०७६ साल, वर्ष २, अंक ६ (फाल्गुन)

लाटोकोसेरो संरक्षण सबैका लागि

# हाप्सिलो

(लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका)





**राङभाङ -भैसेगौँड़ा, स्याङजा**

## यो अङ्कमा

लाटोकोसेरो कसरी भयो धनकी देवी लक्ष्मीको वाहन ?............१
नेपाल लाटोकोसेरो तथा हुचील उत्सव २०७६..........२
लाटोकोसेरोको कथा .................................१०
लाटोकोसेरोको उद्धार तथा पुनर्स्थापना.........११

## हाम्रो भन्नु !

लाटोकोसेरो तथा हुचील उत्सव मनाउन थालेको ९ बर्ष पुरा भइसकेको छ। यस अवधिमा हजारौं विद्यार्थी र सर्वसाधारणलाई यो प्रजातिको संरक्षण गर्नको लागि सचेतना फैलाईएको छ । तर सरकारी र गैरसरकारी निकायहरुबाट भनेजस्तो सहयोग नपाउँदा भविष्यमा उत्सवनै हुने नहुने भन्नेबारे अन्यौल सृजना भएको छ। तर अर्को तिर स्थानीय समुदायको अथक सहयोगले यसलाई जिउँदो बनाई राखेको छ। यो उत्सवले केवल लाटोकोसेरोलाई मात्र प्राथमिकतामा राख्दैन। यसले स्थानीय संस्कृति, खेलहरु,पर्यापर्यटन र संरक्षणको मुद्दाहरुलाई समेत उत्तिकै प्राथमिकतामा राख्दै आएको छ । विश्वका ४ मुलुकमा मात्रै हुने यो उत्सवको दिर्घायुको कामना।

**सम्पादक-**

## लाटोकोसेरो कसरि भयो धनकी देवी लक्ष्मीको वाहन ?





**संकलन : हरि खनाल**

यो प्रसङ्ग त्यती बेलाको हो जतिबेला देवी-देवताहरुले सृष्टि निर्माणको कार्य सम्पन्न गरिसकेपछि विचरण गर्नको लागि पृथ्वीलोकमा आउनुभएको हुन्छ। सबै देवी-देवताहरुलाई हिँडेर भ्रमण गरेको देखेपछि पृथ्वीलोकमा रहेका पशुपंक्षिहरुलाई निकै नरमाइलो लाग्छ । त्यसैले सबै पशु पंक्षिहरू जम्मा भएर "तपाईँहरूद्वारा उत्पन्न भएर हामी सबै धन्य भयौँ त्यसैले तपाँईहरुलाई ईच्छा भएको स्थानमा हामी घुमाउनेछौँ । कृपया हामीहरुलाई वाहनको रूपमा स्वीकार गर्नुहोस", भनेर देवी-देवताहरुलाई निवेदन गर्दछन् ।

यो कुरा सुनिसकेपछि देवी-देवताहरुले वाहन रोज्न सुरु गर्नुहुन्छ। तर जब धनकी देवी लक्ष्मीजीको पालो आउँछ सबै पशुपंक्षीहरू वाहन बन्नका लागि लडाई गर्न लाग्छन् । यो देखेपछि लक्ष्मिजीले उपाय निकालेर भन्नु हुन्छ कि आफु हरेक वर्ष कात्तिक महिनाको औँसीमा पृथ्वीलोकमा झर्ने हुनाले त्यहि दिन नै को वाहन बन्छ भन्ने कुराको निर्णय गर्नेछु। यति सुनिसकेपछि कार्त्तिक महिनाको रातको समयमा सबै पशु-पंक्षीहरूले लक्ष्मिजीको बाटो हेर्न लाग्छन। रात्रीको समयमा जब लक्ष्मिजी पृथ्वीलोकमा अवतरण गर्नुहुन्छ लाटोकोसेरोले सबैभन्दा पहिला तेज दृष्टिको सहायताले लक्ष्मिजीलाई देखेर नजिक गइ आफूलाई वाहन बनाउन अनुरोध गर्छ। अगाडी हेर्दा लक्ष्मिजीले पनि अन्य पशु-पंक्षिहरुलाई देख्नु हुन्न । लाटोकोसेरोलेको दृष्टि एकदमै तेज हुन्, शितलहरका बेलामा पनि उड्ने क्षमता राख्छ र श्रवण शक्ति पनि विशिष्ट हुन्छ। यी सबै कुरालाई विचार गरिसकेपछि देवी लक्ष्मीले वाहनको रूपमा लाटोकोसेरोलेलाई स्विकार गर्नुहुन्छ ।

## नेपाल लाटोकोसेरो तथा हुचील उत्सव २०७६

यहि माघ २४ र २५ मा स्याङ्गजा जिल्लाको राङभाङ –भैसेगौँड़ामा लाटोकोसेरो तथा हुचील उत्सव २०७६ सफलता पुर्वक सम्पन्न भएको छ । स्थानिय सांस्कृतिक कार्यक्रम, पुराना खेलहरु, संरक्षणका कार्यक्रम, लाटोकोसेरो संग्रहालय, घुमाउने घर, रोटे पिङ, नि:शुल्क स्वास्थ्य शिविर आदिले उत्सवलाई जीवन्त बनाएको थियो । उत्सवको पुर्व सन्ध्यामा संचालन गरिएको संरक्षण चेतना शिविरमा संलग्न २५ वटा विद्यालयका विद्यार्थी (१४१२)र सर्वसाधारण गरि दुइ दिनमा जम्मा ५००० मानिसहरु उत्सवमा संलग्न भइ सहभागिता जनाएका थिए । गण्डकी प्रदेशका योजना तथा आर्थिक मामिला मन्त्री माननीय किरण गुरुङले उद्घाटन गर्नु भएको सो कार्यक्रम मिलेनियम ट्रेक व्यवस्थापन समितिका अध्यक्ष नविन गुरुङले समापन गर्नु भएको थियो । राङभाङ क्लब, मिलेनियम ट्रेक व्यवस्थापन समिति र प्रकृतिका साथीहरुले सयुक्त रुपमा आयोजना गरिएको थियो ।

## सांस्कृतिक कार्यक्रम

स्वागत गीत तथा नाँच; सोरठी नाँच; वन विज्ञान अध्ययन संस्थान पोखराको नाँच; नौमती बाजाप्रदर्शनी ; घाटु नाँच ; झोरा नाँच; कौडा नाँच; भजन; सालैजु गीत; २२ ताल भाका; छैटि नाँच; स्थानीय विद्यालयको नाँच आदिको प्रदर्शन गरिएको थियो ।


गुरुङ समुहको घाटु नाँच



गुरुङ समुहको झोरा नाँच


मगर समुहको कौडा नाँच


वन क्याम्पस पोखराको वन्यजन्तु संरक्षणसम्बन्धी नाँच

## पुराना खेलहरु

ठेला (निश्चित ठाउँ बाट गोलो ढुंगा फल्ने), घुएत्रो (काठको पातलो पातामा प्वाल पारेर डोरी प्रयोग गरि घुमाउने), पांग्रा घुमाउने (बिरुवाको दाना सोझो रेखामा राखेर खेलाडीहरुले केहि पर बाट सोहि पांग्रा घुमाएर खेल्ने) , भुरुंग (काँटी नभएको लट्टू घुमाउने) आदी खेलको प्रदर्शनी गरिएको थियो।




*ठेला खेल*



*घुयेत्रो खेल*

## लाटोकोसेरो संरक्षण चेतना शिविर

बिरुवा गाउँपालिका र पुतलीबजार नगरपालिकाका करिब २५ वटा विद्यालयमा १४१२ विद्यार्थीहरुलाई लाटोकोसेरो र हुचीलका विभिन्न आयामहरुको बारेमा जानकारी गराइएको थियो । सोहि अवसरमा लाटोकोसेरो उत्सवमा आउनको लागि निम्तो समेत बाँडिएको थियो ।









# लाटोकोसेरोको संग्रहालय

लाटोकोसेरोको संग्रहालय प्रत्येक वर्ष जस्तै  यस वर्ष पनि  सबैको चासोको केन्द्रमा रहेको थियो। यसभित्र गहुँको छ्वाली, चुरा, ढुंगा, फलाम, काठ लगाएतका वस्तुबाट बनाइएको लाटोकोसेरो तथा तिनको जानकारीहरु समेटिएको थियो। लाटोकोसेरोको आवाज, भिडियो , प्राकृतिक विज्ञान संग्राहलयबाट ल्याइएका लाटोकोसेरोका संग्रहित नमुना आदि समेत राखिएको थियो।









## प्रकृति संरक्षण पुरस्कार बिजेताहरु (ताम्रपत्र, रू. २५००० नगद र दोसल्लाले सम्मानित)

### अविनाश चौधरी



एक दशकदेखि गोरखापत्र र दि राइजिङ नेपालको संवाददाताका रूपमा धनगढीमा कार्यरत कैलाली जिल्लाको कैलारी गाँउपालिका–७ का अविनाश चौधरीले वातावरण संरक्षणका मुद्दामा निरन्तर कलम चलाउँदै आउनु भएको छ । ३१ वर्षीय चौधरी धनगढीमा रहेर स्थानीय पश्चिम टुडे मिडिया हाउसमा पनि विगत ६ वर्षदेखि समाचार संयोजकका रुपमा पनि कार्यरत हुनुहुन्छ। १२ जनाको परिवारमा कान्छा उहाँले पत्रकारिता क्षेत्रमा १३ वर्षको अनुभव बटुलिसकेका छन् । विगतमा करिब ३ वर्ष 'हमार पहुरा थारु' का लागि कार्यकारी सम्पादक र श्री नेपाल टाइम्स दैनिक पत्रिकामा वरिष्ठ संवाददाताका रूपमा काम गरिसक्नु भएको छ ।

स्नातकोत्तर तहसम्मको शिक्षा आर्जन गर्नु भएका चौधरीले पत्रकारिताको सुरुवात नै संरक्षण सम्बन्धि समाचारबाट गर्नुभएको हो । हालसम्म ६ दर्जन भन्दा बढि संरक्षणका मुद्दाहरुलाई समाचार तथा फिचरको माध्यमबाट सर्वसाधारण सामु पुऱ्याउनु भएको छ। उहाँका नियमितजसो चरा सम्बन्धि लेखहरु प्रकाशित भएका छन्। जसमध्ये लाटोकोसेरो तथा हुचीलका विषयमा पनि रहेका छन् ।समाचार लेख्नुका साथै अनौपचारिक रुपमा तिनको संरक्षणको लागि समेत पहल गर्दै आउनु भएको छ ।

मानव–वन्यजन्तु बीच द्वन्द्व, वन्यजन्तुको चोरीशिकारी तथा वासस्थान विनाश, वन्यजन्तु संरक्षणका प्रमुख चुनौति रहेको उहाँको ठम्याइ छ । साथै राज्यको कम लगानी र सरोकारवाला बीच सहकार्यको अभावका कारण संरक्षणले आशातित उपलब्धि हासिल नगरेको विश्वास छ । त्यसैले चौधरी वन्यजन्तु संरक्षणका सन्देशहरु स्थानीय समुदायमा फैलाउन चाहनु हुन्छ । नयाँ ठाउँ घुम्ने, स्थानीय समुदायसँग कुराकानी गर्ने र फोटोग्राफिमा विशेष रुचि राख्ने चौधरी कैलालीका गुलेली बाजे भनिने भोजराज श्रेष्ठ र उहाँको संरक्षण अभियानबाट प्रभावित हुनुहुन्छ ।

### विश्वनाथ रिजाल



काठमाडौंको तारकेश्वर नगरपालिका–५ बस्ने ५० वर्षीय विश्वनाथ रिजाल एक दशकयता संरक्षणको क्षेत्रमा क्रियाशील हुनुहुन्छ । प्राणीशास्त्रमा स्नातकोत्तर उहाँले सरकारी विद्यालयमा करिब १७ वर्ष विज्ञान विषय वढाउनु भयो जुन बेलादेखि नै विद्यार्थीलाई प्रकृतिसँग नजिक बनाउन विभिन्न क्रियाकलापमा संलग्न गराउन थाल्नुभयो । विगत तीन वर्षदेखि LVDI International Inc.का नेपाल संयोजक र हरियाली रक्षक नेपाल अध्यक्ष भई काम गर्दै आएका छन् ।

वन्यजन्तुको उद्दार तथा  पुनर्स्थापनामा अनवरत लाग्ने उहाँले हालसम्म ६० वटा वन्यजन्तुको उद्दार गरिसक्नु भएको छ जसमध्ये ५ वटा लाटाकोसेरो तथा हुचील छन् । सर्वसाधारणहरुलाई संरक्षण सम्बन्धि विषयमा अवगत गराउनु पर्दछ भन्ने विश्वास गर्ने उहाँका जैविक विविधता संरक्षण सम्बन्धी ३० वटा लेखहरु प्रकाशित छन् जसमध्ये तीनवटा लाटोकासेरोसँग सम्बन्धित छन् । साथै हरियाली रक्षक नामक पत्रिकाको १६ अंकसम्ममा सम्पादकको भूमिका निभाउनु भएको थियो, जसमार्फत  धेरैजना विद्यार्थीले संरक्षणप्रतिको आफ्ना विचारहरु प्रेषित गर्न सक्षम भएका छन् । करिब सयवटा संरक्षण चेतना शिविर सञ्चालन गरेर हजारौँ विद्यार्थीलाई वन्यजन्तु संरक्षण विषयमा सचेत गराउनु भएको छ । यसै क्रममा चारवटा बाँदर दिवस मनाउन पनि नेतृत्वदायी भुमिका निभाउनु भएको छ । केही वर्षदेखि वन्यजन्तुको चोरीशिकारी नियन्त्रण गर्न लागिपर्नु भएको छ ।

डा. चिया एल टान र डा. एन्डी फिलिप्सबाट प्रभावित रिजाल वन्यजन्तु अनुसन्धान र संरक्षणका लागि बेग्लै निकायको आवश्यकतामा जोड दिन्छन् । जैविक विविधताका लागि महत्वपूर्ण पूर्वी नेपालमा संरक्षणको सन्देश र काम दुवै कम भएको महसुस गर्ने रिजाल संरक्षणमा रुचि राख्ने विभिन्न निकायहरु बीच समन्यव हुनुपर्नेमा पनि उत्तिकै जोड दिनु हुन्छ ।

## मनशान्त घिमिरे




लमजुङको मध्य नेपाल नगरपालिका– ७ मूलघर भइ पोखराको लेकसाइडमा बस्ने ३६ वर्षीय घिमिरे चरा चिनाउनेहरूका माझ परिचित नाम हो । पोखरा पंक्षी समाजका संस्थापक तथा वर्तमान अध्यक्ष समेत रहेका उहाँ एक दशकदेखि पंक्षी संरक्षणको अभियानमा हुनुहुन्छ । पेशाले चरा पथ प्रदर्शकको रुपमा कार्यरत घिमिरे पोखरा स्थित वन विज्ञान अध्ययन संस्थानमा चरा विषयमा अध्यापन समेत गर्नुहुन्छ ।

घिमिरेले हालसम्म १ सय ५० वटाभन्दा बढि चरा अवलोकन कार्यक्रमहरु सञ्चालन गर्नुभएको छ । ४० वटा भन्दा बढि वन्यजन्तुको उद्दार तथा पुनर्स्थपनामा पनि सक्रियता देखाउनु भएको छ जसमध्ये ५ वटा लाटोकोसेरो तथा हुचील छन् । वहाँकै नेतृत्वमा पोखरा चरा महोत्सव र नेपाल चरा महोत्सव जस्ता महत्वपूर्ण कार्यक्रम पोखरामा सफलतापूर्वक सम्पन्न भए । सहरी र सिमसार क्षेत्रका चरा गणनामा पनि निरन्तर अगुवाई गरिरहनु भएको छ । प्रत्यक्ष रुपमा ५ वटा चरा सम्बन्धि अनुसन्धानमा संलग्न घिमिरे अनुसन्धानका परिणामहरु प्रकाशमा ल्याउनुपर्नेमा विश्वास राख्नुहुन्छ । यसै विश्वासले गर्दा चरा सम्बन्धि दुइवटा वटा पुस्तकहरु प्रकाशित गर्नु भएको छ भने अन्य दुइ कृति प्रकाशोन्मुख छन् । साथै उहाँका २० वटा प्राविधिक प्रतिवेदन तथा अनुसन्धानात्मक लेखहरु पनि प्रकाशित छन् ।

डा. हेमसागर बराल, क्यारोल इन्स्किप र टेक घर्तीमगरबाट प्रभावित घिमिरे फोटोग्राफी, संगीत, अध्यापन, वन डुल्ने र पौडीमा समेत रुची राख्नु हुन्छ । उहाँको भविष्यमा गण्डकी प्रदेशलाई चरामा आधारित पर्यटनको राजधानी बनाउन लागिपर्ने सोच छ ।

## लक्ष्मण प्रसाद पौड्याल



काठमाडौंको कीर्तिपुर नगरपालिका–२ ट्याङलाफाटका वासिन्दा पौड्याल हाल कञ्चनपुरस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा प्रमुख संरक्षण अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ । २८ वर्षदेखि संरक्षणको क्षेत्रमा अनवरत रुपमा लाग्नुभएका उहाँले प्राकृतिक स्रोत व्यवस्थापन तथा ग्रामीण विकासमा स्नातकोत्तर गर्नुभएको छ। हालसम्म अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, शिवपुरी,सगरमाथा, चितवन राष्ट्रिय निकुञ्जहरुमा विभिन्न तहमा रहेर अनुसन्धान र संरक्षणमा अनुभव बटुल्नुभएको छ ।

कालिज, गिद्ध, भुँडीफोर गरुड र खरमुजुरको अनुसन्धानमा प्रत्यक्ष संलग्न हुनुभएका उहाँले १५ भन्दा बढि वैज्ञानिक लेखहरु प्रकाशित गरिसक्नुभएको छ । साथै उहाँका मुख्य लेखकका रुपमा तीनवटा र सहायक लेखकका रुपमा दुईवटा वन्यजन्तुका पुस्तक प्रकाशित छन् । संरक्षण शिक्षामा चासो राख्ने उहाँले हालसम्म १० वटा चरा अवलोकन कार्यक्रम र चारवटा विद्यालयमा संरक्षण शिक्षा कार्यक्रम सञ्चालन गरिसक्नुभएको छ । नेपालको चराको रातो सूची बनाउने काममा उहाँको महत्वपूर्ण सहभागिता थियो । गैंडा, घडियाल, हिँउचितुवा, सालक, कालिज र रेडपाण्डाको संरक्षण कार्ययोजना बनाउने कार्यमा समेत उल्लेखनीय भूमिका खेलिसक्नु भएको छ ।

डा. हेम सागर बरालको संरक्षण प्रतिको योगदानबाट प्रभावित भएको बताउने पौडेल घुम्न र चरा अवलोकन गर्न रमाउनु हुन्छ । अनुसन्धानका लागि स्वीकृति दिने प्रक्रियालाई सरलीकरण गर्नुपर्ने र सरकार आफैंले अनुसन्धानका लागि अनुदानको व्यवस्था गनुपर्ने कुरामा जोड दिनु हुन्छ ।



## संस्थागत सम्मान (प्रमाणपत्र र दोसल्ला)

वि.स. २०५३ मा स्थापित श्री **दिप ज्योति युवा क्लब** प्रदेश नं १ **पाँचथर जिल्ला**को हाल फालेलुङ गाउँपालिका वडा नं ६ मा अवस्थित छ । स्थापनाकालदेखि नै यस संस्थाले आफ्नै पहलमा तथा अन्य गैर सरकारी संस्थाहरुको सहयोगमा जैविक विविधता तथा वातावरण संरक्षण, अध्ययन–अनुसन्धान, पर्या–पर्यटन, तथा जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गरेर स्थानियहरुको संरक्षण सम्बन्धि चेतना र क्षमता बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

वि.स. २०६६ सालमा **बर्दिया जिल्ला**मा स्थापित **बर्दिया प्रकृति संरक्षण क्लब**ले बर्दियालाई डाइक्लोफेन्याक मुक्त क्षेत्र घोषणामा अहम भूमिका खेलेको थियो । नियमित रुपमा सो क्षेत्रमा चरा अवलोकन गराउँदै आईरहेको छ । सिमसार क्षेत्र तथा वन क्षेत्रमा बस्ने चराको अध्ययन-संरक्षण, गिद्ध संरक्षण कार्ययोजनामा सहयोग, वृक्षारोपण, बर्दियाका चराहरु नामक पुस्तकको प्रकाशन, वन भ्रमण आदिमा अहम भूमिका निर्वाह गरेको छ ।

## संस्थागत सम्मान (प्रमाणपत्र र दोसल्ला) स्थानीय आयोजकको तर्फबाट

स्याङ्गजा जिल्ला स्थित **डिभिजन वन कार्यालय**, स्याङ्गजाले सम्बन्धित स्थानिय सरोकारवालाहरुसँग सहकार्य गरी जिल्लामा रहेका वन, वन्यजन्तु लगायत सम्पूर्ण जैविक विविधता अनुसन्धान तथा संरक्षण तथा सम्वर्धन गर्नका लागि महत्वपूर्ण योगदान गरेको छ ।

कास्की जिल्ला, पोखरा–३३, भरतपोखरी निवासी **वासुदेव पौडेल**ले वन, वातावरण तथा जैविक विविधता संरक्षणका लागि पत्रकारिताको माध्यमबाट जनमानसमा चेतना अभिवृद्धी गर्न महत्वपूर्ण योगदान गर्नुभएको छ ।

---



## कथा

कुनै समय वन्यजन्तुहरूमध्ये लाटोकोसेरो सबैभन्दा बढि बाँच्दथ्यो। दिनभरि अरू उडिरहँदा उ भने अनकन्टार ठाउँहरूमा एक्लै टोलाएर बस्थ्यो। रात परेपछि बाहिर निस्कथ्यो। उसलाई आफ्नो जीवनदेखि वाक्क लाग्यो । विरक्तियो । उसलाई आफूले पाएको सय वर्ष उमेर युग झैं लाग्न थाल्यो । उसले अब केही वर्ष मात्र बाँच्ने निधो गर्यो। उ निवेदन लिएर भगवानलाई भेट्न गयो । लाटोकोसेरोको सबै कुरा सुनेर भगवानले भने 'तिमीले राती देख्न सक्छौ अरूले सक्दैनन् । यो त झन वरदान भएन र !' तर, लाटोकोसेरो मानेन् । उसको विरक्तपन देखेर भगवानले सुझाए 'तिम्रो उमेर घटाउन त मिल्दैन तर, तिमीलाई मनपर्छ भने कसकसलाई दिन मन लाग्छ उमेर बाँड ।' यो सुनेर लाटाकोसेरोले फुरूङ्ङ भयो । उसले आफूले पाएको उमेर १०/१० वर्ष अरूलाई बाँडिदियो । ९० देखि सय वर्षको उमेर मानिसले पनि पायो । भनिन्छ यही कारणले मानिस उमेर धेरै भएपछि एक ठाउँमा टोलाएर बस्ने र काम नगर्ने गर्दछ । सबैलाई उमेर दिइसकेपछि १० वर्षको आयु मात्र आफूले राखेको हुनाले यो चरा औसतरूपमा त्यति नै बाँच्दछ।



चित्र : रोशन भण्डारी

(श्रोत : लाटोकोसेरो कि बाठोकोसेरो पुस्तक)


# लाटोकोसेरोको उद्दार तथा पुनर्स्थापना



***१३ असोज २०७६***
*भक्तपुर सल्लाघारीका सुरज खरेलले चिरन्जिवी खनालको सहयोगमा घर भित्र छिरेको घाइते गोठे लाटोकोसेरोको उद्दार तथा पुनर्स्थापना गरेका छन्।*



***१ असोज २०७६***
*पोखरा बाट स्याङ्गजा जाने बाटोबाट राजु आचार्य र ऋषि बराल द्वारा उद्दार गरिएको लाटोकोसेरो केहिदिन पोखरा चिडियाखानामा बसी सकुशल आफ्नो बासस्थानमा फर्किएको छ।*






***९ मंसिर २०७६***
*पोखरा स्थित बिग एफ यम नजीक घाइते अवस्थामा भेटिएको र पत्रकार रन्जन अधिकारीको सहयोगमा लाटोकोसेरोको उद्दार तथा पुनर्स्थापना गरिएको छ।*





पोखरा अर्घौंबाट मङ्सिर २८ गते सुजन न्यौपानेको सकृयता र अमृत पौडेलको समन्वयमा उद्धार गरि सकुशल प्राकृतिक वासस्थानमा छोडिएको गोठे लाटोकोसेरो ।




पुष २२ गते बिराटनगरमा नविन रेग्मीको सहयोगमा उद्धार गरि डिभिजन वन कार्यालयमा बुझाईएको गोठे लाटोकोसेरो




## अन्त्यमा

**'प्रकृतिका साथीहरु'को चौमासिक प्रकाशन**
**हाप्सिलो**
**अवधारणा :** राजु आचार्य
**सम्पादकीय समूह :** राजु आचार्य र यादव घिमिरे
**पाहुना भाषा सम्पादक :** रमेश पोख्रेल
**फोटो** : रोहित गिरि र राजु आचार्य
**लेख, रचना तथा सम्पर्कका लागि :** naturesfren@yahoo.com